"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र समृद्धिसहितको भद्रपुर शहर"
# भद्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा
१ नं. प्रदेश, नेपाल

राजस्व प्रशाखा ०७३।०७४ प्रदेश

तेश्रो पटक प्रकाशित मिति : २०७४।०३।२२

## डाक बढाबढ सम्बन्धि सूचना । सुचना ॥ सुचना ॥।

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ मा व्यवस्था भए तपसिल अनुसारको सेवा शुल्क आ.व.०७४।०७५ वर्ष १ (एक) का लागि ठेक्का बन्दोबस्त गर्ने सम्बन्धमा मिति २०७४।०३।०६ गते र मिति २०७४।०३।२१ गते गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खरिद गरी क्रमश: मिति २०७४।०२।०७ गते प्रथम पटक र मिति २०७३।०३।०७ गते दोस्रो पटक यस न.पा.कार्यालयबाट सूचना प्रकाशित गरिएकोमा हालसम्म ठेक्का बन्दोबस्त हुन नसकेकोले मिति २०७२।०३।२२ गते यस कार्यालयवाट भएको निर्णय अनुसार यो तेश्रो पटक ७ (सात) दिने खुल्ला डाक बढाबढ सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित ठेक्काहरु लिन चाहने इच्छुक स्वदेशी तथा विदेशी ब्यक्ति, फर्म वा संस्थाले यस कार्यालयवाट प्रथम पटक प्रकाशित मिति २०७४।०२।०७ गतेको सूचनाको शर्तहरुको अधिनमा रहि अक्षरस पालना गर्ने गरि मिति २०७४।०३।२८ गतेका दिन ( उक्त दिन बिदा पर्न गएमा सो को भोलि पल्ट) दिनको २.०० देखि कार्यालय समय भित्र यस न.पा.का.मा उपस्थित भई कायम न्युनतम ठेक्का अंक मा नघटाई सो भन्दा माथि कवोल गर्ने गरि सोही दिन मिति २०७४।०३।२८ गते दिनको १.०० बजे भित्र अनिवार्य रुपले आफूले कबोल गर्न चाहेको कुल ठेक्का अंक रकम नेपाली नागरिक भए ५% प्रतिशत र गैह्र नेपालि नागरिक भए १० % प्रतिशत धरौटी रकम यस कार्यालयको रा.वा. बैंक, भद्रपुरमा खुलेको च.हि.न च.हि.नं.२२१०३०३००७१०३ (ग-३) धरौटी खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा नगद र आन्तरिक राजश्व कार्यालय भद्रपुरमा पान दर्ता गराएको प्रमाण पत्रको नक्कल प्रतिलिपी समेत कार्यालयमा दाखिला गरी धरौटी जम्मा गरेको ब्यक्ति, फर्म वा संस्थाहरु विच नियमानुसार डाक बढाबढ गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ । तोकिएको मिति, समय र स्थानमा डाक बढाबढ नगरेमा पछि कुनै प्रकारको उजुर बाजुर लाग्ने छैन, नियमानुसार डाक बढाबढ भई जानेछ । हुलाक, टेलिफोन, इन्टरनेट, फ्याक्स, मोबाईलबाट बोली पठाएको डाकलाई मान्यता दिइने छैन । डाक स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार न.पा.मा सुरक्षित रहनेछ । अन्य विस्तृत जानकारीको लागी भद्रपुर नगरपालिका राजश्व प्रशासन शाखामा सर्म्पक राख्न सकिनेछ ।

तपसिल

| ठे.नं | विवरण | न्यूनतम डाक अंक रु. |
|---|---|---|
| १ | पार्किङ्ग शुल्क भद्रपुर ८ स्थित अतिथी गृहतर्फ जाने बाटो | ३,००,५००।०० |

.............................
काजीमान राई
(कार्यकारी अधिकृत)

कार्यकारी अधिकृत
भद्रपुर नगरपालिका कार्यालय
भद्रपुर, झापा

C:\Users\user\Desktop\Thekka sambandhi\ठेक्का सुचना २०७४।७५.doc